# "खेलकुद विकास र प्रवर्द्धनका लागि सहयोग तथा अनुदान कार्यविधि-२०८१"

लुम्बिनी प्रदेश सरकार

युवा तथा खेलकुद मन्त्रालय

## प्रदेश खेलकुद परिषद् लुम्बिनी

राप्ती उपत्यका (देउखुरी), नेपाल।

नि. प्रदेश सचिव

सचिव

<u>खेलकुद विकास र प्रवर्द्धनका लागि सहयोग तथा अनुदान कार्यविधि-२०८१</u>

**प्रस्तावना:**

लुम्बिनी प्रदेश भित्र खेलकुद गतिविधि सञ्चालन, व्यवस्थापन र प्रवर्द्धन गर्नका लागि विभिन्न क्लव, संघ, संस्था, प्रतिष्ठान, प्रशिक्षण केन्द्र, स्थानीय तह, विद्यालय, क्याम्पस, विश्व विद्यालय र खेलकुद मार्फत लुम्बिनी प्रदेशलाई चिनाउने खेलाडी, प्रशिक्षक, निर्णायक तथा व्यवस्थापकहरुलाई प्रदान गरिने सहयोग तथा अनुदानलाई पारदर्शी, मितव्ययी एवम् व्यवस्थित गर्न प्रदेश खेलकुद विकास नियमावली २०७८ को नियम (२५) बमोजिम प्रदेश खेलकुद परिषद्ले "खेलकुद विकास र प्रवर्द्धनका लागि सहयोग तथा अनुदान कार्यविधि-२०८१" जारी गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम "खेलकुद विकास र प्रवर्द्धनका लागि सहयोग तथा अनुदान कार्यविधि-२०८१" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भए पश्चात लागु हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"आयोजना"** भन्नाले खेलकुद प्रतियोगिता, तालिम, सेमिनार, प्रशिक्षक प्रशिक्षण, निर्णायक क्षमता अभिवृद्धि, खेल पत्रकार क्षमता अभिवृद्धि आदि खेल सम्बद्ध कार्यक्रमको आयोजनालाई सम्झनुपर्छ।

(ख) **"खेलकुद गतिविधि"** भन्नाले अन्तराष्ट्रिय, राष्ट्रिय, प्रदेश, जिल्ला, स्थानीयस्तरीय खेलकुद प्रतियोगिता, गोष्ठी, सेमिनार, तालिम, प्रशिक्षण, राष्ट्रिय तथा अन्तराष्ट्रिय सहभागिता, प्रशिक्षक प्रशिक्षण, निर्णायक क्षमता अभिवृद्धि, खेल पत्रकार क्षमता अभिवृद्धि लगायत खेलसँग सम्बन्धित गतिविधिलाई सम्झनुपर्छ।

(ग) **"खेलाडी"** भन्नाले कुनै पनि स्थानीय, जिल्ला, प्रदेश, राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरको खेलकुद प्रतियोगितामा खेल्ने व्यक्ति सम्झनु पर्छ। सो शव्दले पारा र विशेष खेलाडी समेतलाई जनाउँछ।

(घ) **"परिषद"** भन्नाले प्रदेश खेलकुद परिषद् लुम्बिनीलाई सम्झनुपर्छ।

(ङ) **"प्रदेश"** भन्नाले लुम्बिनी प्रदेशलाई सम्झनुपर्छ।

(च) **"मन्त्रालय"** भन्नाले खेलकुद सम्बन्धि विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(छ) **"संघ"** भन्नाले प्रचलित कानून बमोजिम स्थानीय, जिल्ला, प्रदेश, राष्ट्रियस्तरमा गठन भएका विभिन्न खेलका विधागत खेल संघ र महासंघ समेतलाई जनाउँछ।

(ज) **"संस्था"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई क्रियाशिल रहेका खेलकुद गतिविधि गर्ने संस्थालाई जनाउँछ।

(झ) **"सदस्य-सचिव"** भन्नाले परिषद्को सदस्य-सचिवलाई सम्झनुपर्छ।

(ञ) **"समिति"** भन्नाले दफा (४) बमोजिम गठित समितिलाई सम्झनुपर्छ।

२०८१।३।२४
नि. प्रदेश सचिव

सदस्य सचिव

## परिच्छेद-२
## उद्देश्य

३. कार्यविधिका उद्देश्यहरु देहाय बमोजिम हुनेछन:

(क) खेलकुद विकास र प्रवर्द्धन गर्न गरिने खेलकुद गतिविधिका लागी प्रदान गरिने सहयोग तथा अनुदानलाई पारदर्शी, मितव्ययी तथा व्यवस्थित बनाउनु,

(ख) सहयोग तथा अनुदान मार्फत खेलकुद विकासका गतिविधिहरुलाई चलायमान बनाउँदै खेल संस्कृतिको विकास गर्नु,

(ग) खेलकुद विकास र प्रवर्द्धनका लागी योगदान पुर्याउने खेलाडी, प्रशिक्षक, व्यवस्थापक, निर्णायक तथा खेल गतिविधिहरुमा संलग्न व्यक्ति, संघ, संस्थाहरुलाई सहयोग गर्नु,

(घ) खेलकुदसँग सम्बन्धित संघ, संस्था मार्फत खेल प्रवर्द्धन गर्दै खेलाडी उत्पादनको केन्द्र बनाउनु,

(ङ) क्लवदेखि कम्यूनिटि र विद्यालयदेखि विश्वविद्यालयमा हुने खेलकुद गतिविधिमा सहयोग गर्दै नव प्रतिभाहरुको खोजी गर्नु।

## परिच्छेद-३
## छनौट तथा सिफारिस सम्बन्धि शर्त र आधारहरु

४. छनौट तथा सिफारिस समिति:

(१) खेलाडी, प्रशिक्षक, व्यवस्थापक, निर्णायक, क्लव, संघ, संस्था, प्रतिष्ठान, तालिम तथा प्रशिक्षण र गोष्ठी तथा सेमिनार प्रदायकले पेश गरेको कागजात, प्रस्तावना-पत्र लगायत अन्य कागजातहरुको अध्ययन गरी सिफारिस गर्न देहाय बमोजिमको एक छनौट तथा सिफारिस समिति रहनेछ।

| | | |
|---|---|---|
| (क) | परिषद्को सदस्य-सचिव | -संयोजक |
| (ख) | मन्त्रालयको खेलकुद महाशाखाको प्रतिनिधि | -सदस्य |
| (ग) | प्रदेश लेखा नियन्त्रक कार्यालयको प्रतिनिधि | -सदस्य |
| (घ) | परिषदको आर्थिक प्रशासन प्रमुख | -सदस्य |
| (ङ) | परिषदको प्रशासन प्रमुख | -सदस्य-सचिव |

(२) छनौट तथा सिफारिस समितिको बैठकमा आवश्यकता अनुसार बढीमा ३ जना विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(३) समितिका सदस्यहरुले नियमानुसारको बैठक भत्ता पाउनेछन्।

(४) उपदफा (१) बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) परिषद्को सूचना बमोजिम प्राप्त भएका प्रस्तावनाहरुको अभिलेख कायम गरी क्षेत्रगत रुपमा अध्ययन गर्ने।

(ख) खेलाडी, प्रशिक्षक, व्यवस्थापक, निर्णायक, क्लव, संघ, संस्था, प्रतिष्ठान, तालिम तथा प्रशिक्षण र गोष्ठी तथा सेमिनार प्रदायकको छनौट दफा (५) बमोजिम गर्ने।

(ग) प्राप्त प्रस्तावना पत्रमा खेलाडी, प्रशिक्षक, व्यवस्थापक, निर्णायक, क्लवं, संघ, संस्था, प्रतिष्ठान, तालिम तथा प्रशिक्षण र गोष्ठी तथा सेमिनार प्रदायकले उल्लेख गरेको खेल सञ्चालन अवधि, प्रतियोगिताको

सदस्य सचिव

प्रदेश सचिव

स्तर, तालिम तथा प्रशिक्षण र गोष्ठी तथा सेमिनारको अवधि आदिको आधारमा छनौट गरी सहयोग तथा अनुदान रकम दफा (७) बमोजिमको परिधि भित्र रही सिफारिस गर्ने।

५. **छनौटका आधारहरु:** (१) प्रचलित कानून बमोजिम स्थापना भई खेलकुद गतिविधि एवम् खेल प्रर्वद्धन गर्ने स्थानीय तह, क्लव, संघ, संस्था, प्रतिष्ठान, खेलकुद सँग सम्बन्धित तालिम तथा सेमिनार प्रदायक, प्रदेशका लागि पदक जितेका वा प्रतिभावान खेलाडी, राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिता वा कार्यक्रममा प्रदेशको प्रतिनिधित्व गर्ने व्यक्ति, संघ वा संस्थालाई सहयोग तथा अनुदान उपलब्ध गराउने आधारहरु देहाय बमोजिम हुनेछन्।

(क) संघ, संस्था, खेलाडी, निर्णायक, व्यवस्थापक, प्रशिक्षकले पेश गरेको प्रस्तावना पत्र,

(ख) खेलाडी उत्पादन, प्रशिक्षण र प्रतियोगिता सञ्चालन मार्फत खेल संस्कृतिको विकास र खेल प्रवर्द्धनमा योगदान पुर्‍याएका खेल सरोकारवाला संघ, संस्थाहरु हुनुपर्नेछ,

(ग) विगत वर्षमा प्राप्त अनुदानको पारदर्शी र मितव्ययी ढंगले उच्चतम सदुपयोग गरेका तथा विगत वर्षमा अनुदान नपाएका वा कम पाएका खेल सरोकारवाला संघ संस्थाहरुलाई प्राथमिकता दिइनेछ,

(घ) उच्चतम उपलब्धि हासिल गरेका र परिणाममुखि नतिजा निकाल्ने सम्भावना बोकेका व्यक्ति वा संघ, संस्थालाई प्राथमिकता दिइनेछ,

(ङ) अनुदान प्राप्त खेल सम्वद्ध सरोकारवाला निकायहरुले प्रतियोगिता सञ्चालनमा कम्तिमा १० प्रतिशत दायित्व वहन गर्नुपर्नेछ।

६. **आवश्यक कागजातहरु:** (१) सहयोग तथा अनुदान मागको लागि देहाय बमोजिमको कागजातहरु पेश गर्नुपर्नेछ:

(क) अनुसूची-१ बमोजिमको निवेदन,

(ख) अनुसूची-२ बमोजिमको प्रस्तावना पत्र,

(ग) संघ/संस्था दर्ता तथा नविकरण प्रमाण पत्र,

(घ) पान दर्ता प्रमाण पत्र,

(ङ) सम्बन्धित संघ/संस्थाको अनुदान माग गरेको निर्णयको प्रतिलिपि (संघ/संस्थाको हकमा),

(च) सम्बन्धित खेल विधाका प्रतियोगितामा भाग लिन मनोनयन वा सिफारिस गरेको पत्र र प्रतियोगिताको विवरण (खेलाडी, निर्णायक, प्रशिक्षक, व्यवस्थापकको हकमा)।

७. **सहयोग तथा अनुदान रकम:** सहयोग तथा अनुदान रकम देहाय बमोजिमका आधारमा प्रदान गरिनेछ:

(क) स्वीकृत बजेटको परिधीभित्र रही अन्तराष्ट्रियस्तरको प्रतियोगिताको हकमा बढीमा रु.२५ लाख सम्म, राष्ट्रियस्तरको प्रतियोगिताको हकमा बढीमा रु.२० लाख सम्म, प्रदेशस्तरको प्रतियोगिताको हकमा बढीमा रु.१५ लाख सम्म, जिल्लास्तरको प्रतियोगिताको हकमा बढीमा रु.१० लाख सम्म, स्थानीयस्तरको प्रतियोगिताको हकमा बढीमा रु.५ लाख सम्म सहयोग तथा अनुदान दिन सकिनेछ।

(ख) कुनै खेल विधाका राष्ट्रिय/अन्तराष्ट्रिय प्रतियोगिता, तालिम, प्रशिक्षणमा समूह सहभागिताका लागि बढीमा रु.१५ लाख सम्म।

(ग) राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिताका लागि मनोनयन वा सिफारिस भएका खेलाडी, प्रशिक्षक, निर्णायक, व्यवस्थापक आदिको हकमा निजले पेश गरेको प्रस्तावना पत्रको आधारमा बढीमा रु. ५ लाख सम्म।

(घ) अघिल्ला आर्थिक वर्षहरुमा समेत परिषद् बाट विभिन्न शिर्षकमा सहयोग तथा अनुदान वा प्रोत्साहन रकम पाएका संघ/संस्थालाई पटक पटक सहयोग तथा अनुदान वा प्रोत्साहन उपलब्ध गराइने

सदस्य सचिव

नि.प्रदेश सचिव

छैन। तर वार्षिक रुपमा प्रतिस्पर्धात्मक खेलकुद आयोजना गर्ने खेलकुद संघ/संस्थाको हकमा यो व्यवस्था लागु हुने छैन।

(ङ) उपदफा (क),(ख),(ग) मा उल्लेखित भन्दा बढी रकम उपलब्ध गराउन परेमा परिषद्को पूर्ण बैठकबाट निर्णय गर्नु पर्नेछ।

(च) यस दफामा उल्लेख गरिएको बाहेक अन्य शर्तहरु सम्झौता बमोजिम हुनेछन्।

## परिच्छेद-४

## सहयोग तथा अनुदान तथा व्यवस्थापन

८. सहयोग तथा अनुदान व्यवस्थापन:

(क) अनुदानको लागि छनौट भएका खेलाडी, निर्णायक, प्रशिक्षक, व्यवस्थापक, क्लव, संघ, संस्था, प्रतिष्ठान, तालिम प्रशिक्षक, तालिम तथा सेमिनार प्रदायक संस्थाले परिषद् सँग अनुसूची-३ अनुसार सम्झौता गर्नुपर्नेछ।

(ख) अनुदानग्राहीले अनुसूची-४ अनुसारको प्रतिवद्धता पत्रमा हस्ताक्षर गरी बुझाउनु पर्नेछ।

(ग) सहयोग तथा अनुदान रकम कार्यक्रम सम्पन्न पश्चात सबै बिबरण खुलेको प्रतिवेदन प्राप्त भएपछि भुक्तानी गरिनेछ। अनुदान रकमको २० प्रतिशत सम्म पेश्की वापत दिन सकिनेछ।

(घ) खेलकुद गतिविधिको आयोजना तथा प्रतियोगितामा सहभागिताको क्रममा भएका आर्थिक कारोवारहरुको प्रतिलिपि, विल भरपाइहरु, खरिद आदेश, दाखिला, खर्च निकासा यकिन गरिसके पछि अनुदान रकम भुक्तानी गरिनेछ।

९. निर्देशन दिन सक्ने: खेलकुद गतिविधिको आयोजना, सञ्चालन तथा सहभागिताका सिलसिलामा परिषद्ले आवश्यक निर्देशन दिन सक्नेछ र सो निर्देशनको पालना गर्नु सम्वन्धित अनुदानग्राहीको कर्तब्य हुनेछ।

१०. प्रतिवेदन पेश गर्नुपर्ने: सम्वन्धित अनुदानग्राहीले कार्यक्रम सञ्चालनका स्पष्ट झल्किने फोटोहरु तथा भिडियोहरु, समाचार सामाग्रीहरु समेत भएको प्रतिवेदन भुक्तानी माग दावी गर्ने समयमा पेश गर्नुपर्नेछ।

११. बाधा अड्काउ फुकाउ: यस कार्यविधिको प्रयोगमा कुनै वाधा उत्पन्न भएमा मन्त्रालयले आवश्यक निर्णय गरि वाधा अड्काउ फुकाउन सक्नेछ।

१२. खारेजी र वचाउ: यो कार्यविधि लागू हुनु भन्दा अघि अनुदान सम्वन्धमा भए गरेका कार्यहरु यसै कार्यविधि अनुरुप भए गरेको मानिनेछ।

सदस्य सचिव

प्रदेश सचिव

अनुसूची-१
(दफा (६) सँग सम्बन्धित)
निवेदनको नमुना

मिति: ........................................

श्रीमान् सदस्य सचिव ज्यू,
प्रदेश खेलकुद परिषद्, लुम्बिनी
राप्ती उपत्यका (देउखुरी), नेपाल।

विषय: सहयोग/अनुदान सहायता माग सम्बन्धमा।

उपरोक्त सम्बन्धमा तपसिलमा उल्लेख भए बमोजिमको खेलकुद गतिविधिका लागि यसैसाथ संलग्न प्रस्तावना पत्र अनुसार कार्यक्रम गर्नुपर्ने भएकोले "खेलकुद विकास र प्रवर्द्धनका लागि सहयोग तथा अनुदान कार्यविधि-२०८१" बमोजिम आवश्यक रकम सहयोग/अनुदान स्वरुप उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु।

तपसिल:

व्यक्ति वा संस्थाको पुरा नाम:

खेलकुद गतिविधिका नाम:

सहयोग/अनुदान आवश्यकताको कारण:

कार्यक्रम सञ्चालन वा सहभागिताको समयावधि:

संलग्न कागजातहरु:

१. ..............................................................................
२. ..............................................................................
३. ..............................................................................
४. ..............................................................................
५. ..............................................................................
६. ..............................................................................
७. ..............................................................................

निवेदक

हस्ताक्षर:

नाम थर:

पद:

सम्बन्धित निकायको नाम:

छाप:

सदस्य सचिव

नि. प्रदेश सचिव

अनुसूची-२

(दफा (६) सँग सम्बन्धित)

प्रस्तावना-पत्रको नमुना

१. कार्यक्रम वा प्रतियोगिताको नाम:

२. प्रस्तावित खेलकुद गतिविधिको विस्तृत विवरण:

३. कार्यक्रमको उद्देश्य:

४. लक्षित समूह:

५. सञ्चालन गरिने क्रियाकलापहरुको विवरण:

६. कार्यक्रम/सहभागिता अवधि:

७. अनुमानित लागत अनुमान:

क. स्थानीय तहबाट प्राप्त रकम:

ख. साझेदार संस्थाहरुबाट प्राप्त हुने रकम:

ग. व्यक्ति वा संस्थाको आफ्नो लगानी:

घ. परिषद् बाट माग रकम विवरण (Break down सहित):

ङ. अन्य निकाय वा दाताबाट प्राप्त हुने रकम:

सदस्य सचिव

२०८१।३।२४

नि.प्रदेश सचिव

लुम्बिनी प्रदेश सरकार युवा तथा खेलकुद मन्त्रालय राप्ती उपत्यका(देउखुरी), नेपाल

## अनुसूची-३

**(दफा (८) सँग सम्बन्धित)**

**सम्झौता पत्रको नमुना**

**खेलकुद गतिविधि सञ्चालनका लागि प्रदेश खेलकुद परिषद् लुम्बिनी र गतिविधि गर्ने संस्थाबीच भएको सम्झौतापत्र।**

आज मिति ............................का दिन प्रदेश खेलकुद परिषद्, लुम्बिनी, राप्ती उपत्यका (देउखुरी), नेपाल (यसपछि प्रथम पक्ष भनिएको) र ...................महानगर/उपमहानगर/नगर/गाउँपालिकामा रहेको अनुदान प्राप्त गर्ने संस्था/व्यक्ति ................... (यसछि दोस्रो पक्ष भनिएको) बीच देहायका उल्लेखित शर्तहरुको अधिनमा रही खेलकुद गतिविधि गर्नका लागि सहमति कायम गरी दुईपक्षीय सम्झौता गरिएको छ।

**सम्झौताका शर्तहरु:**

१. कार्यक्रम सञ्चालनको क्रममा दोस्रो पक्षले "खेलकुद विकास र प्रवर्द्धनका लागि सहयोग तथा अनुदान कार्यविधि-२०८१" मा भएका व्यवस्थाहरुको पूर्णपालना गर्नु पर्नेछ।

२. प्रथम पक्षद्वारा दोस्रो पक्षलाई खेलकुद गतिविधिका लागि ............................ सहयोग/अनुदान गर्नेछ।

३. प्रथम पक्षद्वारा प्रदान गरिएको अनुदान माग गरेको शीर्षकमा खर्च गर्नु दोस्रो पक्षको कर्तव्य हुनेछ।

४. कार्यक्रम सञ्चालनको क्रममा प्रथम पक्षले दोस्रो पक्षको अनुगमन गर्न सक्नेछ।

५. अनुदान रकमको दुरुपयोग हुन नदिनको लागि दोस्रो पक्षले आवश्यक व्यवस्था मिलाउने र प्रथम पक्षले त्यसमा आवश्यक सहयोग गर्नेछ।

६. अन्तिम भुक्तानी माग गर्दा संघ संस्थाको हकमा प्रतियोगिता सञ्चालनका सन्दर्भमा भएका निर्णयका प्रतिलिपि र खर्च अनुमोदन पेश गर्नुपर्नेछ र व्यक्तिको हकमा मनोनयन वा सिफारिसको पत्र, बिल भरपाई र प्रतियोगितामा सहभागिताको प्रतिवेदन पेश गर्नु पर्नेछ।

७. प्रथम पक्षले दोस्रो पक्षलाई सहयोग तथा अनुदानको रकम भुक्तानी गर्दा नियमानुसार कर कट्टी गरी भुक्तानी गर्नेछ।

८. दोस्रो पक्षले खेलकुद गतिविधि सञ्चालन गर्दा सम्बन्धित खेल विधाका राष्ट्रिय तथा अन्तराष्ट्रिय नियमहरुको पालना गरी सञ्चालन गर्नु पर्नेछ।

९. कार्यक्रम सञ्चालन गर्ने सन्दर्भमा कुनै समस्या देखा परेमा दुवै पक्षबीच सहमति कायम गरी यस सम्झौता पत्रमा आवश्यक परिमार्जन गर्न सकिनेछ।

१०. यस सम्झौता बमोजिम कार्य गर्ने क्रममा कुनै विवाद उत्पन्न भएमा दुवै पक्षबीच आपसी समझदारीबाट समाधान गरिनेछ तर त्यसो हुन नसकेमा परिषद्को निर्णय अन्तिम हुनेछ।

| प्रथम पक्षबाट | दोस्रो पक्षबाट |
|---|---|
| नाम: | नाम: |
| पद: | पद: |
| दस्तखत/छाप: | दस्तखत/छाप: |

सदस्य सचिव

प्रदेश सचिव

युवा तथा खेलकुद मन्त्रालय लुम्बिनी प्रदेश सरकार राप्ती उपत्यका(देउखुरी), नेपाल

अनुसूची-४

(दफा (८) सँग सम्बन्धित)

प्रतिबद्धता पत्रको नमुना

प्रदेश खेलकुद परिषद्को "खेलकुद विकास र प्रवर्द्धनका लागि सहयोग तथा अनुदान कार्यविधि-२०८१" बमोजिम खेलकुद गतिविधि सञ्चालन तथा खेल प्रवर्द्धन अनुदान कार्यक्रममा सहभागिताको लागि इच्छुक भइ आवेदन पेश गरेको छु। उक्त कार्यक्रमका लागि छनौट भएमा पेश गरिएको कार्ययोजनामा उल्लेख भए बमोजिम कार्य गर्नेछौं। प्रस्तावित कार्ययोजना बमोजिम कार्य नगरेमा प्रदेश खेलकुद परिषद्, लुम्बिनीबाट प्राप्त अनुदान रकम प्रचलित ब्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछौ। अनुदान दोहोरो नपर्ने गरी खर्च गर्नेछौं। यसमा लेखिए बमोजिम नभएमा कानुन बमोजिम सहुँला/बुझाउँला।

अनुदानग्राहीको तर्फबाट

नाम:

पद:

संस्थाको नाम:

स्थापना मिति:

ठेगाना:

सम्पर्क नं :

दस्तखत:

मिति:

संस्थाको छाप:

सदस्य सचिव

२०८१/३/२४
नि. प्रदेश सचिव